**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण महाशाखा सानोठिमी, भक्तपुरको**
**छोटो अवधिको तालीम कार्यक्रम सञ्चालनको लागि प्रस्तावना आह्वान**
**सम्बन्धी सूचना ।**

सूचना प्रकाशित २०७५।१२।२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट सम्बन्धन/स्वीकृति प्राप्त गरी निजी क्षेत्रमा छोटो अवधिको तालीम कार्यक्रमहरु संचालन गर्न इच्छूक संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना साथ संलग्न कार्यक्कमहरुको विवरण अनूसारका कायक्रमको लागि रितपूर्वकको प्रस्तावना र आवश्यक कागजात संलग्न राखि परिषद कार्यालयको वेभ साइटमा भएको आवेदन फाराम भरी तपशिलमा उल्लेखित कार्यालयमा मात्र बुझाउन हुन सूचित गरिन्छ ।

**<u>पालना गर्नुपर्ने शर्तहरु/तपशिल</u>**

१. आवेदन फाराम परिषद् कार्यालयको वेव साइट www.ctevt.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । उक्त फारम तपसिलका कार्यालयमा आवेदन दस्तुर वापत रु १०००।- (रुपैया एक हजार) तोकिएको कार्यालयको खाता नं. मा जम्मा गरी सम्वन्धित प्रदेश वा तोकीएको कार्यालयमा मात्र बुझाउनु पर्नेछ ।
- प्रदेश नं. १ को कार्यालय, इटहरी च.हि.न. २५५०००१२७८०१ रा.बा. बैंक इटहरी शाखा
- प्रदेश नं. २ को कार्यालय, जनकपूर च.हि.न. १२२०००६७०३०१ रा.बा. बैंक जनकपुर शाखा
- प्रदेश नं. ३ को कार्यालय, हेटौंडा च.हि.न. १३००००३६६९०१ रा.बा. बैंक हेटौडा शाखा
- गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की च.हि.न. ३५०००००२३४०१ रा.बा. बैंक पोखरा शाखा
- प्रदेश नं. ५ को कार्यालय तामनगर रुपन्देही, च.हि.न. ३३६००००३५२०१ रा.बा. बैंक रामनगर शाखा
- कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर, सूर्खेत च.हि.नं. ४०८००१५५२८०१ रा.बा. बैंक सुर्खेत शाखा
- सूदूर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली च.हि.नं. ४१७०००६५०८०१ रा.बा. बैंक धनगढी शाखा
- परिषद केन्द्रिय कार्यालय, सानोठिमी, भक्तपुर, च.हि.न: १७३००००००९०६ रा.बा. बैंक सानोठिमी शाखा ।

२. प्रस्तावना पेश गर्ने सस्था कम्पनी रजिष्टार कार्यालय तथा नेपाल सरकारका अन्य निकाय (कम्पनी रजिष्टारको कार्यालय, घरेलु, समाज कल्याण परिषद र जिल्ला प्रशासन कार्यालय)मा मिति २०७५ पौष मसान्त अगावै दर्ता भएको हुनु पर्ने छ । कम्पनीमा उल्लेखित ठेगाना राखी प्रस्तावना पेश गर्नु पर्ने छ । मोवाइल तथा शाखा कार्यालयको रुपमा अन्य प्रदेश, क्षेत्र र स्थानमा प्रस्तावना पेश गर्न पाइने छैन । पूर्ववत रुपमा सम्वन्धन/स्वीकृती लिएका सस्थाहरुले सोही सस्थाको नाम, ठेगाना र स्थानमा मात्र प्रस्तावना पेश गर्नु पर्ने छ । कुनै एउटा संस्थाले कम्पनी दर्ता गर्दा जुन ठाउंमा कार्यक्रम संचालन गर्ने भनिएको छ त्यही स्थानमा मात्र संचालन गर्नु पर्नेछ । अन्य स्थान र ठेगानामा प्रस्तावना पेश गरेको पाइएमा प्रस्तावता स्वत: रद्द हुनेछ ।

३. प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरु मध्ये रसूवा, नुवाकोट, काठमाण्डौ, भक्तपुर, ललितपुर, रामेछाप र दोलखा जिल्लामा संचालनका लागि पेश गरीने प्रस्तावना केन्द्रीय कार्यालयमा र अन्य जिल्लाको हकमा प्रदेश नं. ३ को कार्यालय हेटौडामा पेश गर्नु पर्नेछ ।

४. परिषद्‌द्वारा छोटो अवधिको तालीम कार्यक्रमहरुको पाठ्यक्रम स्वीकृत भएका परिषदको सूचनाका साथ संलग्न वेव साइटमा तोकीएका विषयको मात्र कार्यक्रम संचालनको लागि प्रस्तावना फाराम पेश गर्न सकिनेछ ।

५. प्रस्तावना फाराम दर्ता गराउंदा एक पटकमा एउटा सेक्टरको बढीमा ५ वटा मात्र कार्यक्रम माग गरी प्रस्तावना पेश गर्नुपर्नेछ । ५ वटा भन्दा बढी माग गरी प्रस्तावना पेश गरेमा प्रस्तावना स्वत रद्द हुने छ । तर सेक्टर नखुलेका कार्यक्रमहरुको हकमा (विविध समुहबाट) बढीमा ३ वटा कार्यक्रम मात्र माग गर्न सकिने छ । प्रतावना माग भएका कार्यक्रमको सूचि परिषद कार्यालयको वेव साइटमा हेर्न सकिने छ ।

६. प्रस्तावना स्वीकृत भएका संस्थाहरुको मात्र पूर्वाधार निरीक्षण प्रकृया अगाडि बढाईने छ । सो को जानकारी सार्वजनिक सूचनाद्धारा गराइने छ ।

७. आवेदन फाराम स्वीकृत भएका संस्थाहरुको पूर्वाधार निरीक्षणको निमित्त परिषद् कार्यालयले सूचना प्रकाशित गरेपछि मात्र पुर्वाधार निरीक्षण शुल्क वापत रु. २५०००/ (अक्षरेपी पच्चीस हजार) प्रस्तावना दर्ता गरको कार्यालयमा मात्र दाखिला गर्नु पर्नेछ ।

८. तोकिएको पूर्वाधार तयार भएपछि पूर्वाधार निरीक्षण गर्न खटाइएका टोलीलाई पूर्वाधार निरीक्षण कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

९. परिषद्को ऐन, नियम, विनियम, निर्देशिका तथा निजीस्तरमा छोटो अवधिको तालीम कार्यक्रम सञ्चालन एवं स्वीकृत कार्यविधि २०७२ र विभिन्न निर्णयहरुलाई आधारमानी आवेदन फाराम स्वीकृत भएका संस्थाहरुलाई कार्यक्रम संचालन गर्न स्वीकृति दिने वा नदिने र स्थगन गर्ने अन्तिम निर्णय परिषद् कार्यालयले गर्नेछ ।

१०. संस्थाको, प्रवन्धपत्र, नियमावली, विधानमा स्पष्टसंग कार्यक्रम सञ्चालनको उद्देश्य लेखिएको र कार्यक्रम माग गरेको विषयसंग मेल खाएको हुनुपर्ने छ ।

११. स्वीकृत भएका प्रस्तावनाहरुको पूर्वाधार निरिक्षण शूल्क जम्मा गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

१२. सीप परीक्षणको हकमा सीप परीक्षण प्रमाणिका स्वीकृत भएका कार्यक्रमको मात्र सीप परीक्षण हुनेछ ।

१३. रितपूर्वक प्राप्त नभएका फाराम (कागजात, उल्लेखित शर्तनामा, नियम, विनियम, निर्देशिका अनूसार) स्वतः रद्द हुनेछ ।

१४. प्रतावना साथ सस्था दर्ता प्रमाणपत्र, कम्पनी अद्यावधिक पत्र, प्रशिक्षक/कर्मचारी/संचालकहरुको बायोडाटा विवरण, कार्यकम संचालनको लागि व्यवस्थापन समितिको निर्णय, कर चुक्ता, घर जग्गाको संम्झौता पत्र/लालपूर्जाको फोटोकपी र जग्गाधनीको नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी, सस्थाको प्रवन्धपत्र/नियमावली, प्रस्तावना पेश गरेको तालीम संचालनको लागि आवश्यक मेशिन, औजार लगायतको सामाग्री सूची अनिवार्य रुपमा पेश गर्नू पर्नेछ ।

१५. थप जानकारीको लागि यस परिषद् कार्यालयको वेव साइट www.ctevt.org.np मा हेर्नुहुन अथवा परिषद कार्यालयको टेलीफोन नं ०१ ६६०४०८, तथा प्रदेश कार्यालयहरुको टेलीफोन (www.ctevt.org.np मा रहेको) मा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ ।

**निर्देशक**